नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.................................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- १२२८

मिति: २०८१/११/०९

विषय: विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री इकोस्ट्रिम पावर प्रा. लि.
महाराजगंज, काठमाडौं, नेपाल ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित खलङ्गागाड ए जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन)को दफा १० को उपदफा (३)को व्यवस्था बमोजिम निम्न विवरणहरु **पन्ध्र (१५)** दिनको समयावधी भित्र पेश गर्नु हुन विभागको मिति २०८१/११/०५को निर्णयानुसार जानकारी गराइन्छ ।

१. माग भएको क्षेत्रको पुर्ण उपयोग गरी तथा दक्षिण तर्फको क्षेत्र २९°४१'०१" बाट घटाई २९°४१'०२" कायम गरी तयार गरिएको Desk study report र आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दरखास्त सहितको) ।
२. प्रवर्द्धक कम्पनी दर्ताको प्रमाण पत्र (नोटराइज प्रतिलिपि) ।
३. प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावली (नोटराइज प्रतिलिपि) ।
४. प्रवर्द्धक कम्पनीको प्यान दर्ता (नोटराइज प्रतिलिपि) ।
५. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि ।
६. प्रवर्द्धक कम्पनीको पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र (नोटराइज प्रतिलिपि) ।
७. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि) ।
८. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
९. विभागबाट तोकिएको ढाँचाको ग्मक्ष्ल लय समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
१०. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण ।
११. नेटवर्ध तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
१२. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा अध्यावधिक कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
१३. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(आस्था भट्ट)
इन्जिनियर